का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ मंसिर २०७९,
बिहीबार
8 December 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २९२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एउटा पत्रले ल्याएको तरंग





"सम्बन्धित व्यक्ति चोलेन्द्र शम्शेर जबराले माग गरेपछि नयाँ निर्वाचन भइसकेको आधारमा मैले निर्णय गरेको हुँ ।

■ **भरतराज गौतम**
महासचिव, संसद सचिवालय

प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्धको महाअभियोग निष्प्रभावी भएको संघीय संसद सचिवालयका महासचिव भरतराज गौतमको पत्रले नेपालको राजनीति तरंगित छ । सत्तारुढ दलका नेताहरु महाअभियोग जिवितै रहेको बताइरहेका छन् भने एमाले नयाँ संसदमा यो विषय अगाडि बढ्छ कि बढ्दैन भनेर पर्खिने बताउँछ ।



नयाँ प्रतिनिधिसभामा यो विषय कसरी अगाडि बढ्छ त्यस आधारमा हाम्रो निर्णय आउँछ ।

■ **सुवास नेम्वाङ**
नेता, नेकपा एमाले



महाभियोग जीवित छ । यो सार्वभौम सम्पन्न संसदको सम्पत्ति हो, यसबारे आउने प्रतिनिधिसभामा छलफल भएर निर्णयमा पुग्छ ।

■ **ज्ञानेन्द्रबहादुर कार्की**
सरकारका प्रवक्ता



सभामुखले तोकआदेश लगाएर पठाएको विषयमा संसदका महासचिवले यसरी निर्णय गर्न मिल्दै मिल्दैन् ।

■ **देव गुरुङ**
महासचिव, माओवादी केन्द्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबराले झण्डै दश महिनापछि आफूमाथि लागेको महाअभियोग निष्प्रभावी भएको पत्र प्राप्त गरेका छन् । तर, उनले पाएको पत्रले नेपालको राजनीति नै तरगिंत भएको छ ।

चोलेन्द्रले मंगलबार संघीय संसद सचिवाललयमा आफू विरुद्धको महाअभियोग निष्प्रभावी भएको दाबी गर्दै निवेदन दिएका थिए । यस्तो मागदाबी गर्दा उनले प्रष्ट रुपमा संवैधानिक र कानुनी आधार खुलाएका थिएनन् । तथापि, संविधानका बिभिन्न धारा उल्लेख गर्दै एउटा प्रतिनिधिसभाको विधेयक अर्को प्रतिनिधिसभामा नजाने संवैधानिक व्यवस्था मेन्सन गरेका थिए ।

संघीय संसद सचिवालयका महासचिव भरतराज गौत्तमले पनि एउटा प्रतिनिधिसभाको विधेयक अर्को प्रतिनिधिसभामा नजाने व्यवस्थाको ब्याख्या गर्दै महाअभियोग पनि एउटा प्रतिनिधिसभाबाट अर्को प्रतिनिधिसभामा नसर्ने तर्क गरेका छन् । यही विषय उनले पत्रमा लेखेका छन् । गत फागुन १ गते तत्कालीन प्रतिनिधिसभामा महाअभियोग प्रस्ताव दर्ता गरिएकोमा सो महाभियोगको प्रस्ताव तत्कालीन प्रतिनिधिसभामा पेश, प्रारम्भिक छलफल र महाभियोग सिफारिस समितिबाट प्रतिवेदन बुझाईएको तर तत्पश्चातको प्रक्रिया अगाडि नबढेको अवस्थामा नयाँ निर्वाचन सम्पन्न भएकाले जबराले कार्य सम्पादन गर्न नपाउने भन्ने व्यहोराको पत्र समेत निष्प्रभावी भएको पत्रमा उल्लेख छ ।



सर्वोच्च अदालतको मूल गेटमा धर्ना दिँदै नेपाल बार एशोसिएसनका सदस्यहरु ।

१ फागुन २०७८ मा महाअभियोग दर्ता भएसँगै जबरा स्वतः निलम्बनमा परेका थिए । महाअभियोग पास गर्ने चाहिने दुई तिहाई बहुमत नजुट्ने भएपछि महाअभियोग सिफारिस समितिमा ढिलो गरी पठाइएको थियो भने समितिले बहुमतका आधारमा महाअभियोग लाग्ने सिफारिस गरेको थियो । यसकारण महाअभियोग अघिल्लो प्रतिनिधिसभाले टुंगो लगाउन सकेन ।

नयाँ संसदका लागि ४ मंसिरमा चुनाव भयो । प्रत्यक्ष र समानुपातिकको मत गणना सकिए पनि अन्तिम नतिजा सार्वजनिक भएको छैन । यो सबै प्रक्रिया पूरा गरेर संसदको अधिवेशन आह्वान हुँदा जबराले अवकाश पाइसक्ने दलहरुको बुझाइ थियो । किनकी जबराले २७ मंसिरमा उमेर हदका कारण अनिवार्य अवकाश पाउँदै छन् ।

बुधबार एकाएक संघीय संसदका महासचिवले निलम्बन फुकुवाको पत्र थमाएपछि नेपालको राजनीतिमा तरंग ने आएको छ ।

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की भन्छन्, 'महाभियोग जीवित छ । यो सार्वभौमसम्पन्न संसदको सम्पत्ति हो, यसबारे आउने प्रतिनिधिसभामा छलफल भएर निर्णयमा पुग्छ ।'

माओवादी केन्द्रका महासचिव देव गुरुङले संसद सचिवालयका महासचिवले लेखेको पत्रलाई 'अवैधानिक र गैरकानूनी' को संज्ञा दिन्छन् ।

'एउटा संसदमा पेश गरेको प्रस्ताव त्यही कार्यअवधिमा सक्नुपर्छ भन्ने कुनै कानूनी र संवैधानिक व्यवस्था छैन,' गुरुङ भन्छन्, 'सभामुखले तोकआदेश लगाएर पठाएको विषयमा उहाँले यसरी

– बाँकी पृष्ठ २ मा

## नेपाल बार आन्दोलित

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले आफूविरुद्ध संसद्मा पेस भएको महाभियोग प्रस्ताव निष्क्रिय भएको भन्दै सर्वोच्च अदालत जाने तयारी गरेपछि पुन विवाद सुरु भएको छ ।

महाभियोग निष्क्रिय भएको भन्दै संसद सचिवालयले पत्र दिएपछि सर्वोच्च जाने तयारी गरेका जबराविरुद्ध आन्दोलन नै सुरु भएको हो । महाभियोग छिनोफानो नभई प्रतिनिधिसभाको कार्यकाल सकिएपछि निलम्बित प्रधानन्यायाधीश नियमित कामकाजमा फर्कन पाउँछन् वा पाउँदैनन् भन्ने कानूनमा प्रष्ट नभएपनि प्राकृतिक न्यायको सिद्धान्तमा टेकेर जबरालाई पत्र पठाएको संसद सचिवालयका महासचिव भरतराज गौतम बताउँछन् ।

'मैले प्राकृतिक न्यायको सिद्धान्त अनुसार निर्णय गरेको हुँ । उहाँले अवकाश पनि पाउँदै हुनुहुन्छ । हिजो उहाँले निवेदन दिनुभएको थियो, त्यसैअनुसार मैले आज निर्णय गरेको हुँ । मैले महासचिवको पदीय हैसियतअनुसार निर्णय गरेको हुँ । उहाँले पहिल्यै निवेदन दिएको भए केही निर्णय गरिन्थ्यो होला तर हिजो मात्र निवेदन दिएकाले आज मैले निर्णय गरेको हुँ' उनले भने ।

महासचिव गौतमले बुधबार बिहान जबराको निलम्बन फुकुवाको पत्र राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, सर्वोच्च अदालत, न्यायपरिषद्, संवैधानिक परिषद्, प्रधानन्यायाधीशको कार्यालयमा पठाएका थिए ।

तर, नेपाल बारले भने राणाको पुनरागमनको विरोध गर्दै धर्नाको कार्यक्रम सुरु गर्ने बताएको छ भने बारका अध्यक्ष पूर्णमान शाक्यले संसद सचिवालयका महासचिव गौतमविरुद्ध रिट नै दायर गरेका छन् ।

नेकपा माओवादी केन्द्रका नेता देव प्रसाद गुरुङ्ग राणालाई पत्र दिने संसदका महासचिवमाथि कारबाही हुने बताउँछन् । 'यो संसदमाथिको हमलाको अर्को कडी पनि हो, संविधानविपरित निर्णय गर्ने महासचिवलाई कारबाहीको दायरामा ल्याउनैपर्छ, यो निर्णय संसदले गर्छ' उनले भने । साथै नेता गुरुङ्गले नयाँ प्रतिनिधिसभा सुचारु नहुँदै महासचिवले निर्णय गर्नु संसद माथिको कु भएको पनि बताएका छन् । उनी उनीविरुद्ध गते फागुन १ गत विभिन्न २१ आरोप लगाएर सत्तारुढ दलहरू कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीका सांसदहरूले प्रतिनिधिसभामा महाभियोग दर्ता गराएपछि जबरा स्वतः निलम्बनमा परेका थिए । उनी ६५ वर्षे उमेरहदका कारण आगामी मंसिर २७ गते सेवानिवृत्त हुँदैछन् ।

वैदेशिक रोजगार विशेष

## विदेश गएका कामदारको बढ्दो मृत्युदरप्रति मानव अधिकार आयोगको विशेष चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारीलाई विप्रेषणको मात्र विषय नबनाई नेपाली श्रमिकहरुले तत्काल भोगिरहेका समस्या र नेपाली समाजले दीर्घकालीनरुपमा व्यहोर्नुपर्ने सामाजिक मूल्यका विषयमा गम्भीर हुनुपर्ने बताएको छ ।

आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बुधबार पेश गरेको वार्षिक प्रतिवेदनमा वैदेशिक रोजगारीले सिर्जना गरेको सामाजिक मूल्यका विषयतर्फ सरकारले तत्काल ध्यान दिनुपर्ने अवस्था रहेको उल्लेख गरेको छ । राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार आयोजित समारोहमा आयोगका अध्यक्ष



तपबहादुर मगरले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पेश गरेका थिए । संविधान बमोजिम आयोगले प्रत्येक वर्ष राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।

आयोगले प्रतिवेदनमा नेपाल सरकारका आगामी नीति, कार्यक्रम तथा स्रोतहरु सामाजिक पक्षमा बढी रहेको क्षति कम गर्न केन्द्रिकृत गर्नुपर्ने सुझाव पनि दिएको छ ।

आयोगले आर्थिक वर्ष ०७३/०७४ मा नयाँ र पुनः श्रम स्वीकृति गरी ६ लाख ४२ हजार ८ सय ५९ जना, आर्थिक वर्ष ०७४/०७५ मा ६ लाख १२ हजार ६ सय ८५ जना, आर्थिक वर्ष ०७५/०७६ मा ५ लाख ८८ हजार ८ सय २८ जना, आर्थिक वर्ष ०७६/०७७ मा ३ लाख ६८ हजार ४ सय ३३ जना, आर्थिक वर्ष ०७७/०७८ मा १ लाख ६६ हजार

– बाँकी पृष्ठ २ मा

देउवालाई चुनौती

## बहुमत जुटाउनु अघि दलको नेता

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

निर्वाचन आयोगले दलहरुले पाएको मतको आधारमा समानुपातिक तर्फको सिट संख्या बाँडफाँड गरेको छ । आयोगले तीन प्रतिशतको थ्रेसहोल्ड कटाएका दलहरुलाई समानुपातिक तर्फको ११० सिट बाँडफाँड गरेको छ । थ्रेसहोल्ड कटाउने सात दल मध्ये सवैभन्दा बढी नेकपा एमाले बनेको छ ।

एमालेले ३४, नेपाली कांग्रेसले ३२, नेकपा माओवादी केन्द्रले १४, राष्ट्रिय स्वतन्त्र पार्टीले १३, राप्रपाले सात, जनता समाजवादी पार्टीले ५ र जनमत पार्टीले ५ सिट पाएका छन् । यो सँगै, दलहरुको आकारले पूर्णता



माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत दलहरुको समर्थनमा सरकारको नेतृत्व गरिरहेका कांग्रेस सभापति शेरबहादुर देउवालाई फेरि प्रधानमन्त्रीमा निरन्तरता दिनुअघि पार्टीभित्रै दलको नेता चयन हुनुपर्ने चुनौती छ ।

पाएको छ । अब समानुपातिक सांसदहरुको टुंगो लगाउन बाँकी छ ।

दलीय आकारका आधारमा कांग्रेस ८९, एमाले ७८, माओवादी केन्द्र ३२, राष्ट्रिय स्वतन्त्र पार्टी २०, राप्रपा १४, जसपा १२ र जनमत पार्टी ६ सिटको पार्टी बनेको छ । यो आकारसँगै सरकार बनाउने मुख्य शक्तिहरुको पनि टुंगो लागेको छ । संविधानले एकल बहुमत नआएमा बहुमत जुटाएर संयुक्त सरकारको बाटो खुला गर्छ । अहिले कसैले पनि बहुमत नपाएकाले कांग्रेस र एमाले दुवैलाई सरकार निर्माणको दावी खुला भएको छ ।

दुवै दलले त्यसको गृहकार्य समेत अगाडि बढाएको छ । तर पहिलो दल बनेको कांग्रेसभित्र भने बहुमत जुटाउनु अगाडि दलको नेता चयन पहिलो प्राथमिकतामा पर्ने देखिन्छ । प्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवालाई दलको नेता छोड्न अरु नेताहरु तयार देखिएका छैनन् ।

विशेषगरी महामन्त्री गगन थापाले बलियो दावी गरेका छन् । महामन्त्री थापाले भावी

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



मध्यान्ह
www.madhyanhadaily.com
२२ मंसिर २०७९, बिहीबार
8 December 2022, Thursday

# विद्यालय शिक्षाका लागि पाँच अर्ब सहायता स्वीकार

**काठमाडौं/मस–** सरकारले विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्याण्ड र नर्वे सरकारबाट प्राप्त हुने पाँच अर्ब ११ करोड अनुदान स्वीकार्ने भएको छ । सो अनुदानमध्ये फिनल्यान्ड सरकारबाट करिब रु दुई अर्ब ५४ करोड र नर्वे सरकारबाट करिब रु दुई अर्ब ५७ करोड प्राप्त हुनेछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले पोलियो भाइरस खोपको क्लिनिकल ट्रायलका लागि अनुमति दिने निर्णय गरेको छ ।

बैठकले कर्मचारी सञ्चय कोषको प्रशासकमा जितेन्द्र धिताल (गोरखा)लाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल सरकारद्वारा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक हितका लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिइएको थियो ।



सरकारले किमाथाङ्का अरुण जलविद्युत्, धौवादी-मेघौली १३२ केभी प्रसारण आयोजना, लेखनाथ-दमौली २२० केभी प्रसारण आयोजना र मर्स्याङ्दी जलविद्युत् केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही अघि चलाउने अधिकारी तोक्नेसमेत निर्णय गरेको छ। बैठकले सेती नदी जलविद्युत् आयोजना, तनहुँ जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन, टक्सार पिखुवा खोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ । यसैगरी दूध पोखरी चेपे, माथिल्लो आँखुखोला, मेवा खोला, सुपर चेपे जलविद्युत् आयोजना तथा जलपादेवी केवलकार आयोजनाका लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न दिने निर्णय भएको छ। सरकारले सिङ्गापुरमा हुने १७औं एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृत दिएको छ । बैठकले तारागाउँ विकास समितिसम्बन्धी नियमावली बनाउन तथा लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी नियमावलीलाई स्वीकृति दिएको छ ।

यस्तै सरकारले नगद लेखा प्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान नेपाल पब्लिक सेक्टर अकाउण्टिङ स्ट्याण्डर 'एनपीएसएएस' नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले 'एनपीएसएएस' कार्यान्वयनमा ल्याउन स्वीकृति दिने निर्णय गरेको हो ।

# लैंगिक हिंसा रोक्न सामाजिक जागरणमा लाग्नुपर्छ : मन्त्री रेग्मी

**काठमाडौं/मस–**महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले समाजलाई जगाउन सकिएन भने लैङ्गिक हिंसा रोक्न नसकिने भएकाले सामाजिक जागरणमा लाग्नुपर्नेमा जोड दिएकी छन् । महिला हिंसाविरुद्ध १६ दिने अभियानका अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला, कानुन र विकास मञ्चलगायतका संस्थाले संयुक्तरुपमा बुधबार आयोजना गरेको 'लैङ्गिक हिंसाको सम्बोधन र सेवा प्रवाहमा प्रभावकारिता' विषयक अन्तर्क्रियामा उनले कानुन बनाएर र सरकारले गरेर पनि लैङ्गिक हिंसा रोक्न नसकिएकाले सामाजिक जागरणमै जोड दिनुपर्ने बताइन् ।



'लैङ्गिक हिंसाको कार्यक्रमको स्वरुपमा परिवर्तन गरिनुपर्छ, ३० वर्षसम्म महिलालाई मात्र राखेर कार्यक्रम गरियो, यसले भएन, राजनीतिक दलले जागरणमूलक सन्देश दिनुपर्छ, अबको कार्यक्रम कार्यान्वयन गर्ने दलको पनि सक्रियतामा कार्यक्रम अघि बढाइनुपर्छ', मन्त्री रेग्मीले भनिन् ।

महिला, बालबालिका र ज्येष्ठ नागरिक गरी ८० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने मन्त्रालयलाई रु ८० करोड मात्र बजेट विगतका वर्षमा विनियोजन भइरहेकामा चालु आर्थिक वर्षदेखि आफूले रु एक अर्ब ७८ करोड विनियोजनको वातावरण मिलाएको जानकारी पनि उनले गराइन् । मन्त्रालयलाई कम्तीमा पनि रु पाँच अर्ब बजेटको व्यवस्था हुनुपर्नेमा उनले जोड दिइन् ।

पाँच अर्ब बजेट भएमात्र यस क्षेत्रमा आवश्यक काम गर्न सकिने मन्त्री रेग्मीको भनाइ छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले ज्येष्ठ नागरिकका क्षेत्रमा काम गर्ने भनी रु ९५ अर्बको बजेट सरकारबाट स्वीकृत गराए पनि काम भएको नदेखिएको मन्त्री रेग्मीले सुनाइन् । यससम्बन्धी अनुगमन गर्ने निकायले ध्यान दिनुपर्ने उनको भनाइ थियो । मन्त्रालयका सहसचिव लक्ष्मीकुमारी बस्नेतले हिंसामा महिला मात्र नभई बालबालिका, ज्येष्ठ नागरिक र पुरुष पनि यसको सिकार हुने गरेको बताइन् । हिंसा गर्भावस्थादेखि वृद्धावस्थासम्म हुने गरेको उनले सुनाइन् । यसबाट मुक्तिका लागि मन्त्रालयले संरक्षणात्मक, सशक्तीकरण र अभियानमुखी काम गरिरहेको जानकारी सहसचिव बस्नेतले गराइन् ।

कार्यक्रममा मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले प्रविधिको विकाससँगै साइबरबाट हुने हिंसा पनि बढ्न थालेकाले यससम्बन्धी ज्ञान पनि बढाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा कोसिसका अध्यक्ष मातृका देवकोटालगायतले हिंसा अन्त्यका लागि जागरणमूलक अभियान चलाउनुपर्नेमा जोड दिएका थिए ।

# भूमि आयोगमा थप चार हजार बढी निवेदन

**चितवन/मस–** राष्ट्रिय भूमि आयोग जिल्ला समिति चितवनमा थप चार हजार तीन ९४ निवेदन परेका छन् । गत साउन ३१ गते प्रकाशन गरेको सूचनाअनुसार जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणितका लागि उनीहरूले कार्यालयमा निवेदन दिएका हुन् । आयोगले साउन पहिलो साता निकालेको सूचनाका आधारमा तीन सय २७ जनाको निवेदन परेको भए पनि दोस्रोपटक निकालेको सूचनामा चार हजार ६७ जनाले निवेदन बुझाएका हुन् । आयोगको सूचनाअनुसार नेपाल सरकारले गठन गरेको आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता एवं नक्सा प्रमाणितलगायतका विषयमा समस्या भएकाहरूले निवेदन दिएको आयोगले जनाएको छ । विगतका आयोगले, समिति कार्यदलका बाँकी काम सम्पन्न गर्नका लागि आवश्यक प्रमाणसहित उनीहरूले निवेदन दिएको कार्यालयकी नायब सुब्बा कल्पनाकुमारी कुँवरले जानकारी दिइन् ।

थपिएका निवेदनसँगै आयोगको जिल्ला कार्यालयमा आठ हजार पाँच सय २६ जनाको निवेदन परेको उनले जानकारी दिइन् । आयोगको शुरुवाती समयमा चार हजार एक सय ३२ वटा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन परेको थियो ।

तीमध्ये अहिलेसम्म एक सय ७९ जनाले जग्गाधनी प्रमाण पुर्जा पाइसकेका छन् भने अन्यको प्रक्रियामा रहेको उनले बताइन् । आयोगले अहिले जिल्लाका कालिका नगरपालिका, माडी नगरपालिका र भरतपुर महानगरपालिकामा कामलाई तीव्रता दिएको छ । यसअन्तर्गत माडी नगरपालिकामा नौ सय कित्ताको नाप नक्सा भइसकेको छ भने कालिका नगरपालिकामा तीन हजार नौ ९४ कित्ता अर्थात् १३ लाख ८१ हजार छ सय १६ दशमलव नौ वर्गमिटरको नाप नक्साको काम सकिएको छ ।

भरतपुर महानगरपालिकामा १७ लाख ७३ हजार पाँच सय २९ दशमलव आठ सय ६६ वर्गमिटर जग्गाको नाप नक्सा सकिएको कुँवरले बताइन् । अहिले इच्छाकामना र रत्ननगरमा सम्झौताको काम भइरहेको कार्यालयले जनाएको छ । अन्य पालिकामा स्थलगत काम भइरहेको छ ।

# जीप दुर्घटनामा ७ जना घाइते

**मान बहादुर बिश्वकर्मा/मध्यान्ह**
बाजुरा, २१ मंसिर

बाजुरामा जीप दुर्घटना हुँदा ७ जना घाइते भएका छन् । जिल्लाको बुढीनन्दा नगरपालिका -२ कोल्टीदेखि सदरमुकाम मार्तडीका लागि छुटेको लु १ ज ४०३५ नम्बरको बोलेरो जीप बुढीनन्दा नगरपालिका वडा नम्बर ५ विर्सैनमा दुर्घटना भएको हो । जीप दुर्घटनामा परी ७ जना घाइते भएका छन् ।




१० जना सवार रहेको उक्त जीपमा ७ जना सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । घाइते भएका सबै बाजुरा, हुम्ला र मुगुका रहेका छन् । हुम्लाको सर्केगाड बस्ने ४५ वर्षीया कालीबहादुर बुढा, सोही ठाउँका २२ वर्षीया भैर बुढा, हुम्ला सिमिकोट २ बस्ने ४१ वर्षीया रन बुढा, मुगु ३ श्रीकोट बस्ने २७ वर्षीया ललिता रोकाया, सोही ठाउँका २५ वर्षीया भिमबहादुर बानियाँ, मुगु ३ रोल बस्ने ३५ वर्षीया गोरख बहादुर रोकाया र बाजुराको बुढीनन्दा नगरपालिका १० बस्ने ४५ वर्षीया जीत लुवार घाइते भएका हुन् । घाइते सबैको अबस्था सामान्य रहेको र कोल्टी प्राथामिक स्वास्थ्य चौकीमा उपचार भइरहेको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीले जानकारी दिएको छ ।

# उधौली पर्व मनाइँदै



**काठमाडौं/मस–** प्रकृति पुजारी किराँत समुदायको दोस्रो महत्वपूर्ण चाड उधौली देशभर हर्ष उल्लासका साथ मनाइँदै छ । हरेक वर्ष मंसिर पूर्णिमाका दिन उधौली चाड मनाउने गरिन्छ । 'किराँत राईहरुको दोस्रो महान चाड उधौलीमा अन्नबाली भित्र्याउनुअघि प्रकृति र पितृको पूजा गर्ने चलन छ', किराँती राई यायोख्खाका अध्यक्ष जीवन हाताछो राई भन्छन्, 'यस चाडमा किराँती एकापसमा भेला भएर सङ्गठितरुपमा चाड मनाउने र शुभकामना आदनप्रदान गर्ने गरिन्छ ।'

किराँतको धार्मिक पुस्तक मुन्धुमअनुसार समयलाई दुई भागमा बाँडेको छ, उधौली र उभौली । खेतीकिसानीका आधारमा यी दुई समय बाँडिएको किराँत समुदायको बुझाइ छ । वैशाख पूर्णिमामा उभौली चाड मनाइन्छ । खेती किसान गर्नका लागि मनाइने चाड उभौली हो । बाली भित्र्याउने समयलाई उधौली चाड मनाउने गरिन्छ । बाली भित्र्याउनुअघि प्रकृतिसँग नजिक देवताका पूजा गरेर आफ्ना पुर्खा/पितृलाई सम्मान गर्दै चढाउने प्रचलन रहेको छ ।

'धर्ती तातो हुँदै जाँदा चराचुरुङ्गी लेकतिरको शीतलतर्फ जान्छन्, त्यो समयको चाड उभौली भनियो । यो समयमा चिसो बढ्दै जाँदा लेकका चराचुरुङ्गी तराईतिर झर्छन्, यसलाई उधौली भनिएको हो', किराँती राई यायोख्खाका अध्यक्ष राईले बताए ।

यसैबीच मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन बिहीबार धानको विधिपूर्वक पूजाआजा एवं दानगरी धान्यपूर्णिमा पर्व मनाइँदै छ । मंसिरमा धान भित्र्याएपछि शुक्ल पूर्णिमामा धान, गणेश, कुलदेवता, गैडु देवता, गोठ देवता, महारुद्र, महालक्ष्मीलगायत देवताको पनि पूजा गरी नयाँ भित्रिएको धान कुटेर चामल बनाउने त्यसबाट पीठो पिँधेर सेल, बाबर, पुरी र मालपुवा बनाएर चढाउने परम्परा छ ।

यसअघि नवअन्नप्राशन नगरेकाले आजै नवान्नप्राशन गर्नुपर्ने धर्मशास्त्रविद् प्रा. डा. रामचन्द्र गौतमले जानकारी दिए ।

**योमरी पूर्णिमा (योमरी पुन्ही)**

नयाँ धान भित्र्याएको खुसियालीमा नेवार समुदायले आज योमरी पूर्णिमा पर्व हर्षोल्लासका साथ मनाउँदैछन् । योमरी पूर्णिमालाई योमरी पुन्ही पनि भनिन्छ । नेवार समुदायको ठूलो चाडका रूपमा मनाउने यस चाडलाई खाद्य पदार्थको रसिलो चाडका रूपमा पनि लिइन्छ । योमरी नयाँ धानबाट बनेको चामलको पिठो, चाकु र तिलबाट बनाइन्छ ।

योमरी बनाउन आज बिहान सबेरैदेखि घरका महिला व्यस्त हुने गर्छन् । नुहाइधुवाइ घरमा लिपपोत गरेर योमरी पकाउने प्रचलन छ ।

**मानव जीवन र प्रकृतिबीचको सम्बन्ध उजागार**

राष्ट्रपति विद्यादेवी भण्डारीले मौलिक चाडपर्वले सांस्कृतिक, जातीय र भाषिक विविधतालाई आपसमा गाँसेर सामाजिक सद्भाव अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएकी छिन् । उधौली पर्व, २०७९ का अवसरमा शुभकामना सन्देश दिँदै उनले विभिन्न जातजाति र समुदायको साझा फूलबारीको रूपमा रहेको नेपालमा उधौलीजस्ता चाडपर्वले नेपालीको साझा पहिचान कायम गर्नमा अहम् भूमिका निभाएको बताइन् ।

उधौली पर्वले मानव जीवन र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्नसमेत सहयोग गरेको उल्लेख गर्दै राष्ट्रपतिले यसपर्वले विविधतायुक्त नेपाली समाजमा आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि भई राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेकी छिन् । उनले प्रकृतिसँग तादात्म्यता कायम गरी जीवन निर्वाह गर्ने अभ्यस्त किराँत समुदायले जाडो मौसम सुरु भएपछि हरेक वर्ष मङ्सिर पूर्णिमाका दिनबाट शुरू भई १५ दिनसम्म विभिन्न क्रियाकलापका साथ उधौली पर्व मनाउने परम्परा रहेको सन्देशमा उल्लेख गरेकी छिन् ।

# लैङ्गिक संवेदनशील समाचार सङ्कलनसम्बन्धी तालिम




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालको आयोजना तथा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को सहयोगमा लैङ्गिक संवेदनशील समाचार सङ्कलनसम्बन्धी दुईदिने तालिम काठमाडौंमा सम्पन्न भएको छ । तालिममा विभिन्न पाँच वटा कार्यपत्र प्रस्तुत गरिएका थिए। सञ्चारिक समूहका निर्वतमान अध्यक्ष नितु पण्डित, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेल, कान्तिपुर दैनिकका सम्पादक उमेश चौहान, विज्ञ डा. समीक्षा कोइराला र प्रेस काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा लैङ्गिक विषयमा कलम चलाउने ३० भन्दा बढी सक्रिय पत्रकारको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले महिला उत्तरदायी निर्देशिका बनाइसकेको र त्यसमा थप गर्नुपर्ने विषयमा राय लिन तालिम आयोजना गरिएको बताए । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले लैङ्गिक संवेदनशीलता बोध भएपछि मात्र त्यसलाई व्यवहारमा उतार्न सकिने बताए । उनले सबै पक्ष मिलेर मात्र लैङ्गिक हिंसाविरुद्धको अभियान सफल पार्न सकिने धारणा राखे ।

महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहाल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेलले तालिमले लैङ्गिक संवेदनशील समाचार सङ्कलनमा स्पष्ट मार्गदर्शन दिन सक्ने विश्वास व्यक्त गर्दै विद्यमान लैङ्गिक निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए ।

**एउटा...**

निर्णय गर्न मिल्दै मिल्दैन् ।' तर, महासचिव गौतम जबराले निवेदन दिएको र त्यसको आधारमा आफूले पत्र लेखेको प्रष्टीकरण दिइरहेका छन् । 'सम्बन्धित व्यक्ति (जबरा) ले माग गरेपछि नयाँ निर्वाचन भइसकेको आधारमा मैले निर्णय गरेको हुँ,' उनले भने ।

नेकपा एमालेका नेताहरु भने नयाँ प्रतिनिधिसभामा यो विषय अगाडि बढ्छ कि बढ्दैन भनेर पर्खिने बताउँछन ।

नेकपा एमालेका नेता सुवास नेम्वाङ भन्छन्, 'नयाँ प्रतिनिधिसभामा संसद सचिवालयले विजनेश ल्याउँछ । त्यसबेला महाअभियोग आउँछ कि आउँदैन त्यस आधारमा हामी निर्णय लिन्छौं ।'

**विदेश...**

६ सय ९८ जना, आर्थिक वर्ष ०७८/०७ मा ६ लाख १२ हजार ६ सय ८५ जना गरी ६ वर्षको अवधिमा २९ लाख २७ हजार ९ सय ८६ जना नेपाली वैदेशिक रोजगारीमा गएको प्रतिवेदनमा उल्लेख गरेको छ ।

जनसंख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ । अफगानिस्तानले आफ्नो जनसंख्याको १३ दशमलव पाँच, श्रीलंकाले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ, जसबाट नेपालले सन् २०२२ मा ८ अर्ब डलर रेमिट्यान्स भित्र्याउने विश्व बैंकले हालै सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरेको छ ।

आयोगले सीप क्षमताको अविवृद्धि, विप्रेषण, आर्थिक समृद्धि, बालबालिकाको शिक्षा लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पारेको भएपनि सामाजिक मूल्यको विषय गम्भीर बनेको प्रतिवेदनमा औंल्याएको छ । आयोगले वैदेशिक रोजगारमा गएका कामदारको मृत्यु अस्वभाविक रुपमा बढेको भन्दै कतिपय मृत्यु रहस्यमय हुने गरेको समेत टिप्पणी गरेको छ ।

'नेपालमा गरिएको स्वास्थ्य परीक्षणमा स्वस्थ भनी प्रमाणित भएको मानिसको अस्वभाविक मृत्युको संख्या बढी देखिनुलाई रहस्यमय मान्न सकिन्छ । मृत्यु भएकाहरुको शव परीक्षण प्रक्रियालाई स्थापित मापदण्डअनुसार गरिएको छ छैन भन्ने प्रश्न उठाउन सकिने ठाउँ रहेको छ,' प्रतिवेदनमा भनिएको छ, 'यस विषयलाई विभिन्न अन्तर ार्ष्ट्रिय अध्ययनहरुले समेत प्रश्न उठाइरहेका छन् ।'

आयोगले सन् २०१६/२०१७ देखि सन् २०२१/२०२२ सम्म ५ वर्षको तथ्यांक र मृत्युको कारण हेर्ने हो भने प्राकृतिक कारणले अर्थात् स्वभाविक मृत्यु भनिएको संख्या ९ सय ५६, आत्महत्या ५ सय ८१, कार्यस्थलमा दुर्घटनामा २ सय ९७, सडक दुर्घटनामा ५ सय ८६, अकस्मात मुटुले काम गर्न छोड्दा ४ सय ७४ र हृदयाघातबाट ३ सय ५ रहेको भन्दै वैदेशिक रोजगारीमा नेपाली कामदारको मृत्युको विषयलाई पनि गम्भीरताका साथ लिन आवश्यक रहेको उल्लेख गरेको छ ।

**देउवालाई...**

प्रधानमन्त्रीको उम्मेद्वार भनेरै चुनाव लडेका थिए । जितेपछि पनि प्रधानमन्त्रीको तयारी थालेको बताएका थिए । थापा मात्रै नभएर कांग्रेसभित्र नेता शेखर कोइराला, रामचन्द्र पौडेल, प्रकाशमान सिंहले पनि भावी प्रधानमन्त्रीको आकांक्षा राखेका छन् ।

प्रधानमन्त्रीको उम्मेद्वार बन्न देउवा, थापा, कोइराला, पौडेल र सिंहले पहिलो कांग्रेसभित्रै दलको नेता चयन हुनुपर्नेछ । त्यसपछि मात्रै संसदमा बहुमत जुटाउने कार्य शुरु हुने देखिन्छ । सत्ता गठबन्धन कस्तो बन्छ भन्ने प्रष्ट हुनेछ । जबकी प्रधानमन्त्री देउवाले भने अहिलेकै गठबन्धनका दलहरुको साथ लिएर आफू छैटौंपटक प्रधानमन्त्री बन्न चाहिरहेका छन् । त्यसैअनुसार, छलफल र बैठक राखिरहेका छन् ।


**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/१७ मा दर्ता कायम भएको **कोको म्हेन्दो कृषि तथा ब्यापार बहुउदेश्य प्रा.लि. (दर्ता.नं. २२०२१८/०७६/०७७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०८/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**साउदीमा रोजगार** | कम्पनी: SHAWARMA HOUSE RESTUARANT COMPANY TO SERVE MEALS ONE PERSON COMPANY
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७९/०८/२१ चलानी नं.: ६०१९२८८६ L.T. No.: 277191

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 80 | 0 | स. काममा दक्ष | 1000 | ३४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SHAWARMA HOUSE RESTUARANT COMPANY TO SERVE MEALS ONE PERSON COMPANY

पुर्व स्वीकृत मितिः २०७९/०८/२१ चलानी नं.: ६०१९२८८७ L.T. No.: 277271

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 90 | 0 | स. काममा दक्ष | 1000 | ३४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २९ गते (15 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३१८/०५१/०६०

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**

सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२

Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

नेपाल-भारत सीमा सुरक्षा बैठक

# महाकालीको बहाव पुरानै अवस्थामा फर्काउने सहमति




**दार्चुला/मस-** दार्चुलामा भारतले एकतर्फी तटबन्ध निर्माण गर्न थालेपछि दुवै देशका नागरिकबीच आइतबार दोहोरो झडप सिर्जना भएको थियो ।

बुधबार भारतको धार्चुलामा बसेको दुवै देशका प्रमुख सुरक्षा निकायको छलफलले भारतले एकतर्फी निर्माण गर्न लागेको ग्याबिन तटबन्ध तत्काल रोक्ने सहमति भएको छ । नेपालतर्फ मोडिएको नदीलाई पुनः आफ्नै धारमा फर्काइने सहमति भएको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताए । उनका अनुसार विवादित क्षेत्रमा तत्काल काम पनि सुरु नगर्ने सहमति बनेको छ ।

भारतीय पक्षले एकतर्फी तटबन्ध निर्माण गरेपछि भएको विवाद समाधानका लागि नेपाल र भारतीय प्रशासनबीच आइतबार पनि जिल्ला प्रशासन कार्यालय दार्चुलामा छलफल भएको थियो । छलफलमा १० दिनभित्र नदीलाई पुरानो स्थानमै फर्काउने गरी सहमति भएको हो । खलङ्गाका स्थानीयवासीको मागअनुसार नदीको बीचमा रहेका अस्थायी संरचना हटाउन १० दिनको समय दिइएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी राजेश शाहीले बताए ।

नेपालतर्फ सोझिएको नदीको धार बीचमा पार्ने, अत्यावश्यकबाहेकका अस्थायी निर्माण गरेका संरचना तत्काल हटाउने, यसका लागि भारतीय जनशक्ति नै परिचालन गर्ने सहमतिसमेत भएको प्रजिअ उपाध्यायले जानकारी दिए । प्रजिअ उपाध्यायका अनुसार तोकिएको समय १० दिनभित्र सहमतिअनुसार काम गरे नगरेको अवस्थालाई हेरी पुनः भारतीय प्रशासनसँग छलफल अघि बढाइने छ । खलंगास्थित बांगाबगर क्षेत्रको पारिपट्टि भारतले महाकाली नदी नेपालतर्फ फर्किने गरी निर्माण गरिरहेको तटबन्धको चौतर्फी चर्चा भएको छ । नेपाल सरकारले कूटनीतिक नोट पठाएपछि भारतीय अधिकारीले हिजो महाकाली नदी क्षेत्रमा भइरहेको तटबन्ध निर्माणको कामको अनुगमनसमेत गरेका थिए ।

# खानेपानीको महसुल छुटका लागि उपभोक्ता समितिसाग सम्झौता



**चितवन/मस-** भरतपुर महानगरपालिकाले खानेपानी महसुल छुटका लागि महानगरभित्र रहेका खानेपानी उपभोक्ता समिति र खानेपानी व्यवस्थापन बोर्डसँग सम्झौता गरेको छ । महानगर प्रमुखमा दोस्रो कार्यकाल निर्वाचित भएसँगै प्रमुख रेनु दाहालले सात हजार लिटरसम्म उपभोग गर्ने उपभोक्ताको शुल्क महानगरले बेहोर्ने निर्णय गरेकी थिइन् । सोही निर्णय कार्यान्वयनमा ल्याउनका लागि आज उपभोक्ता समिति र बोर्डसँग सम्झौता गरिएको हो ।

महानगरपालिकाभित्र रहेका १० वटा उपभोक्ता समिति र खानेपानी व्यवस्थापन बोर्डसँग एक कार्यक्रमका बीच सम्झौता गरिएको हो । सम्झौतापत्रमा भरतपुर महानगरपालिकाका तर्फबाट वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखाका सिनियर डिभिजन इन्जिनियर लक्ष्मीप्रसाद भण्डारी र उपभोक्ता समितिका अध्यक्षहरूले हस्ताक्षर गरेका छन् । महानगर प्रमुख दाहाल, उपप्रमुख चित्रसेन अधिकारीको रोहबरमा सम्झौता गरिएको हो । सम्झौतासँगै महानगरपालिकाले गरेको निर्णय यही मंसिरदेखि कार्यान्वयनमा आउने भएको छ । सम्झौता कार्यक्रममा महानगर प्रमुख दाहालले आगामी दुई वर्षमा महानगरवासीलाई खानेपानीको समस्या नहुने गरी योजना अघि बढाइएको बताइन् । उनले भनिन्, 'ठूला आयोजना निर्माणको चरणमा रहेका छन् ।

# नेपालमा रोटरीले गरेका कामहरु उत्कृष्टः जेन्निफर जोन्स



**काठमाडौं/मस-** रोटरी इन्टरनेशनलकी अध्यक्ष जेन्निफर जोन्सले नेपालमा रोटरीले मानविय सेवाका सन्दर्भमा गरेका कामहरु उत्कृष्ट भएको बताएकी छिन् ।

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानले काठमाडौंको होटल हायत प्लेसमा आयोजना गरेको स्वागत तथा सम्मान समारोहलाई सम्बोधन गर्दै उनले नेपालमा रोटरीले गरेको काम देखेर आफु उत्साहित भएको बताइन् ।

तीन दिनको नेपाल बसाईंको पहिलो दिन बिहान उनले केहि क्लवका प्रोजेक्ट साइटको भ्रमण गरेकी थिइन् । सोहि दिन दिवा समयमा रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानले उनलाई विशेष सम्मान गरेको थियो भने उनको हातबाटै द रोटरी फाउण्डेशनमा विशिष्ट योग्दान पुर्याउने नेपाली रोटरियनहरुलाई पिन तथा कदरपत्र समेत प्रदान गरिएको थियो ।

बसाईंको दोस्रो दिन उनले नेपालमा क्रियाशिल रोट्रयाक्ट तथा इन्ट्रयाक्टसँग अन्तरक्रिया गरेकी थिइन् । अन्तरक्रियामा उनले उनको रोटरीको यात्रा एबं रोटरीको मर्मबारे सहभागीले राखेका विविधि जिज्ञासाको उत्तर दिएकी दिइन् ।

उनले मंगलबारै नेपालकी राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेट गरेकी थिइन् । भेटमा रोटरीका विविध आयाम र राटरीले विश्वमा गरिरहेको कामबारे कुराकानी भएको थियो ।

त्यसैगरी मंगलबार साँझ ललितपुरको पाटन दरबार स्क्वायर पुगी उनले त्यहाँको पुरातात्विक एवं ऐतिहासिक सम्पदाको बारेमा जानकारी लिएकी थिइन् । त्यहाँ आयोजित रात्रीभोजमा उनले नेपालको कर्पोरेट क्षेत्रका विभिन्न व्यक्तित्वसँग रोटरीबारे अनौपचारिक कुराकानी गरेकी थिइन् ।

बुधबार रोटरी डिस्ट्रिक्ट ३२९२ र रोटरी क्लव अफ भक्तपुरले भक्तपुर दरबार क्षेत्र परिषरमा आयोजना गरेको महिला सशक्तिकरणका लागि रोटरी हेरिटेज वाकमा उनी सहभागी बनिन् । भक्तपुर दरबार क्षेत्रका विभिन्न पुरातात्विक एवं ऐतिहासिक सम्पदा तथा विविध सांस्कृतिक झाँकीको समेत उनले सो अवसरमा अवलोकन गरेकी थिइन् ।

नेपाल सम्पदाको धनी देश भएको बताउँदै उनले महिला सशक्तिकरणका लागि नेपालको रोटरी नेतृत्वले खेलेको रचनात्मक भूमिकको प्रशंसा गरिन् ।

आफ्नो नेपाल भ्रमण अत्यन्तै ऐतिहासिक, उपलब्धिमूलक एवं उत्साहजनक रहेको भन्दै उनले सम्पूर्ण नेपाली रोटरियन एवं नेपालको रोटरी परिवारले देखाएको आतिथ्यता, हार्दिकता एवं सत्कारका लागि आभार प्रकट गरिन् ।

नेपालमा रोटरी इन्टरनेशनलकी अध्यक्षको भ्रमणले आफुहरुमा अत्यन्तै उत्साह थपेको र आगामी दिनमा अझ बढी उत्साहित भएर मानविय सेवाका काममा लाग्न अभिप्रेरित गरेको रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानका डिस्ट्रिक्ट गभर्नर जितेन्द्र बहादुर राजभण्डारीले बताए ।

## सूर्य हस्पिटल प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/२२ गते बिहिबार**

मधेश प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ०२ स्थित सूर्य हस्पिटल प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सूर्य हस्पिटल प्रा. लि.**, वीरगंज महानगरपालिका वडा नं. ०२, पर्सा<br>सम्पर्क नं. ९८४९४९४७१७, ९८४५२३२४९४ |
| **प्रस्तावको व्यहोरा** | विभिन्न रोगहरु सम्बन्धी बिरामीहरुको स्वास्थ्य उपचारको लागि बहुविशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमताको सूर्य हस्पिटल निर्माण तथा सञ्चालन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका** | पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ०२ |

माथि उल्लिखित ५० शैया क्षमताको अस्पताल प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यवस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ०२, तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय-सुझाव लिन आवश्यक भएकोले तल उल्लिखित मिति, समय र स्थानमा उपस्थित भई आफ्नो अमूल्य राय-सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :**
मिति : २०७९ साल मङ्सीर २७ गते, मंगलबार ।
स्थान : पर्सा जिल्ला, वीरगंज म.न.पा.-०२ स्थित सूर्य हस्पिटलको प्राङ्गण ।
समय : दिउँसो २:०० बजे ।

## साधारणसभा सम्बन्धि सूचना

यस **एकिकृत दुग्ध तथा कृषि उत्पादन. लि.** को बार्षिक साधारणसभा मिति २०७९/०९/१३ गते दिनको १:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालयमा बस्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०८/२२**

यस कार्यालयमा मिति २०७६/०९/१४ मा दर्ता भएको **प्रा.लि. नं. २३१५१३** को **ब्राइट नेपाल इन्फोसिस प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२२**

**अर्काडिया नेपाल प्रा.लि.**को मिति २०७९/०८/२० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एयरवेज कार्गो एण्ड कुरियर प्रा.लि. (प्रा. लि. नं.: १०५११४)** कायम गर्ने गरी मिति २०७९/०८/२१गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेत र कतारमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनीः AL HASHEMI CONSTRUCTION GROUP** — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०४/१६ — चलानी नं.: ६०१८४१९७ — LT. No.: 268487 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Contruction Worker (Indoor) | 314 | 0 | | 90 | ३७,०८३ | | | | | | | |
| 3. | Housing Electrician | 25 | 0 | | 125 | ५१,५०४ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 125 | ५१,५०४ | | | | | | | |

**२. कम्पनीः CENTRAL INN AL SADD HOTEL SUITES** — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/१२/२३ — चलानी नं.: ६०१७७३८३ — LT. No.: 261249 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Customer Service | 10 | 13 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 16 | 0 | | 1400 | ४६,०८८ | | | | | | | |
| 3. | Electrician | 6 | 0 | | 1200 | ३९,५०४ | | | | | | | |
| 4. | Hotel Service | 10 | 10 | | 1400 | ४६,०८८ | | | | | | | |
| 5. | Maint Technician | 9 | 0 | | 1200 | ३९,५०४ | | | | | | | |
| 6. | Receptionist | 0 | 10 | | 1400 | ४६,०८८ | | | | | | | |
| 7. | Service Employee | 0 | 14 | | 1200 | ३९,५०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २९ गते (15 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेत १: रु.१०,०००।- कतारः निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## Cyprus को होटल लाईनमा महिला/पुरुषहरुलाई रोजगारको अवसर

कम्पनीः **Medeon International Placement Agency Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०८।२१ — चलानी नं. ६०१९२९११ — LT.No. 277294

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 05 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १,१७,६७४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bartender | 03 | 02 | | 700 | ९६,९०८।- | | | | | | | |
| 3 | Houseboy | 04 | 0 | | 500 | ६९,२२०।- | | | | | | | |
| 4 | Waitress | 0 | 04 | | 600 | ८३,०६४।- | | | | | | | |
| 5 | Housekeeping | 0 | 02 | | 500 | ६९,२२०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

**नोटः–स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा काम गरेको अनुभव र साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।**

**प्रि–अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०७९ मसिर २९ गते (15 Dec., 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom

## साउदीमा बैदेशिक रोजगारको अवसर

कम्पनी : **Reef Union Company Limeted** — शहरः Saudi Arabia, Riyadh
पूर्व स्वीकृती मिति : २०७९/१२/२० — चलानी नं.६०१९२८९४ — LT No. 277306

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 9 | काममा दक्ष | 1000 | ३५,२९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

**अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौँमा २०७९ मंसिर २९ गते (15 Dec, 2022) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.**
Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

## कतारमा रोजगारको अवसर ।

कम्पनी : **Fully Life One Cleaner and Hospitality** — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७९/०५/२३ — चलानी नं.: ६०१८७२४५ — L.T. No.: 271502 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Clean Worker | 2 | 0 | | 1000 | ३४,८७० | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३४,८७० | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | | 2000 | ६९,७४० | | | | | | | |
| 5. | Representative | 2 | 0 | | 2000 | ६९,७४० | | | | | | | |
| 6. | Secreatary | 1 | 0 | | 2500 | ८७,१७५ | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | | 2500 | ८७,१७५ | | | | | | | |
| 8. | Waiter | 2 | 0 | | 1500 | ५२,३०५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २९ गते (15 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**New Light International Pvt. Ltd.**
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com

## कतारमा रोजगारको अवसर

| १. कम्पनी : **ALMANA VENTURES** — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/२७ — चलानी नं.: ६०१७०३१८ — LT. No.: 253450 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४६,२१४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २९ गते (15 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
ईजाजत न.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375824 | Mob: 9746458492, 9847754585 ,9808818854 ,9808818851 | E-mail: cm.seagull55@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ मंसिर २०७९, बिहीबार
8 December 2022, Thursday

सम्पादकीय

## बिकृत राजनीतिका बाछिटा

संघीय संसद सचिवालयका महासचिव भरतराज गौतमले लेखेको एउटा पत्रका कारणले बुधबार सिंगो मुलुक तरंगित हुन पुग्यो । महासचिव गौतमले निलम्वित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई लगाइएको महाअभियोग प्रस्ताव निष्कृय भएको पत्र राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, प्रधानमन्त्रीको कार्यालय, न्याय परिषद् जस्ता निकायमा पठाएका थिए । उक्त पत्रकै आधारमा सर्वोच्च फर्कने योजनामा जबरा थिए । तर सर्वोच्च अदालतका न्यायाधीशहरूको निर्णय, नेपाल बार एशोसियसन, सर्वोच्च बार एशोसियन र न्यायिक क्षेत्रसँग जोडिएका निकायहरूको खबरदारीका कारणले जबराले योजना सफल हुन सकेन । अधिवक्ताहरूको सर्वोच्च संस्था नेपाल बारले सर्वोच्च परिसरबाट जबरालाई छिर्न नदिने चेतावनी सहित धर्ना दिएका थिए । सर्वोच्चका न्यायाधीशहरूको आकस्मिक बैठक बसेर उल्टै संसद सचिवालयका महासचिव गौतमले प्रश्न गरेका थिए ।

